नयाँ कोरोना भाइरस सङ्क्रामक रोग रोकथामको लागि अबउप्रान्त अपनाइने प्रतिकार्यबारे (मार्च १९ तारिख घोषित)

प्रान्तवासी तथा उद्यमी महानुभावहरूलाई हालसम्म पालना गर्न अनुरोध गरेका उपायहरूमध्ये अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुन र रेस्टुरेन्टको व्यापार समय छोट्याउन गरेको आग्रहलाई मार्च 21 तारिख




तारिख (आइतबार)-सम्ममा समाप्त गरी रद्द गर्ने निर्णय गरिएको कुरा सबै महानुभावलाई जानकारी गराउँदछौँ।

○ **अबउप्रान्त फुकुओका प्रान्तमा गरिने प्रयासहरूबारे**

हालको सङ्क्रमण स्थिति र चिकित्सा सेवा प्रदान प्रणालीको अवस्थाको आधारमा विज्ञसित सल्लाह गर्‍यौँ र विज्ञको राय यसप्रकार छः वर्तमान स्थिति सुधार गर्न वृद्धाश्रममा सङ्क्रमण रोकथाम उपायहरू पूर्ण रूपले अपनाउनु महत्त्वपूर्ण छ र सङ्क्रमण सङ्क्रमण पुनः फैलाउने (रिबाउण्डको) लक्षण वा सङ्केत स्पष्ट देखिन थालेको खण्डमा तुरुन्तै आवश्यक उपायहरूबारे समीक्षा समीक्षा गर्नुपर्नेछ भन्ने सर्त राख्दै हालको अत्यावश्यक कामबाहेक अनावश्यक रूपमा घरबाहिर ननिस्किन संयमित हुन र रेस्टुरेन्टको व्यापार समय छोट्याउन गरेको आग्रहलाई रद्द गर्न मिल्छ।

त्यसैले फुकुओका प्रान्तमा सङ्क्रमण पुनः फैलिन नदिनका लागि विशेषगरि निम्न प्रयासहरू गरिनेछ।



सर्वप्रथम वृद्धाश्रमहरूमा क्लस्टर हुन नदिन ती सुविधाहरूका स्टाफलाई लक्षित गरिएको PCR परीक्षण कार्यको कार्यान्वयनलाई जारी राखी स्टाफलाई परीक्षण लिन प्रोत्साहित गर्नेबाहेक पनि आवतजावत गर्ने वृद्धवृद्धालाई सेवा प्रदान गर्ने गर्ने नर्सिङ केयर व्यवसाय केन्द्र आदि पनि समावेश गर्दै सङ्क्रमण रोकथाम उपायहरू कडाइका साथ अपनाउन आह्वान गर्दछौँ। गर्दछौँ।

साथै रेस्टुरेन्ट खासगरि क्लस्टर फेला परेको "हिरु-काराओके" (दिउँसोको समयमा काराओके सुविधा प्रदान गर्ने) पसलप्रति पसलप्रति प्रतिकारात्मक उपायको रूपमा फुकुओका प्रान्तमा मार्च 22 तारिख (सोमबार)-देखि स्टिकर टाँसेर राखेको पसलमा पसलमा पूर्वसूचना नदिईकन भ्रमण गरी सङ्क्रमण रोकथाम उपायहरू अपनाएको छ कि छैन पक्का गर्नुका साथै निर्देशन र सल्लाह-र सल्लाह-सुझाव दिनेछौँ।

सङ्क्रमण पुनः फैलावटविरुद्ध पूर्वतयारीको लागि राष्ट्रिय सरकारको आधारभूत प्रतिकार्य नीतिमा आधारित भई स्वास्थ्यकर्मी स्वास्थ्यकर्मी र चिकित्सा कर्मचारी तथा नगरपालिका वा गाउँपालिकासँग विचारविमर्श गर्दै अस्पतालमा बेड सुनिश्चित गर्ने अहिलेको योजना पुनः समीक्षा गरी थप बेड सुनिश्चित गर्ने आदि गरेर चिकित्सा सेवा प्रदान प्रणाली कायम र सुदृढीकरणलाई अघि बढाउनेछौँ।

खोप लगाउने सन्दर्भमा स्वास्थ्यकर्मी आदिलाई खोप लगाउने कार्यलाई निरन्तरता दिइनेछ र निवासीहरूलाई खोप लगाउने लगाउने नगरपालिका तथा गाउँपालिकालाई दिइने सहयोग आदि मार्फत प्रान्तभरि सुचारु रूपले कार्यान्वयन गर्ने प्रयास गर्नेछौँ। गर्नेछौँ।

**○प्रान्तवासी तथा उद्यमी महानुभावहरूलाई अनुरोध**

घरबाहिर ननिस्किन संयमित बनाउने र व्यापार समय छोट्याउनेजस्ता कडा उपायहरूको पालना गर्न फेरि अनुरोध गर्न नपरोस् भनेर सम्पूर्ण समाज मिलेर सङ्क्रमणको रिबाउण्ड नियन्त्रण गर्ने उद्देश्यले मार्च 22 तारिख (सोमबार) देखि प्रान्तवासी




प्रान्तवासी तथा उद्यमी महानुभावहरूलाई निम्नानुसार सहयोगको आग्रह गर्दछौँ।

प्रान्तवासी महानुभावहरूलाई निम्नानुसार अनुरोध गर्दछौँ।

- रेस्टुरेन्ट प्रयोग गर्ने बेला थोरै सङ्ख्यामा 2 घण्टासम्ममा सीमित गरी, अत्याधिक मदिरा सेवन नगरी, कुराकानी गर्दा मास्क लगाई, ठूलो स्वरले नबोल्नुहोस्। निजी घर आदिमा गरिने खानपिनसहितको जमघट पनि यस्तै तरिकाले गर्नुहोस्।
- "सङ्क्रमण रोकथाम घोषणा स्टिकर" टाँसेको पसल आदि उचित तरिकामा वायुसञ्चार गरिएको, सिटको बिचमा पर्याप्त भौतिक भौतिक दूरी राखिएको, एक्रिलिक बोर्ड आदि राख्ने जस्ता थुक वा सिँगानको छिटा छर्न रोक्ने सङ्क्रमण रोकथाम उपायहरू उपायहरू राम्रोसँग अपनाएको र भीडभाड नभएको पसल रोज्नुहोस्।
- घरबाहिर जाँदा वा यात्रा गर्दा गन्तव्य स्थानको सङ्क्रमण स्थिति र प्रयोग गर्ने सुविधा केन्द्रहरूमा अपनाइने सङ्क्रमण रोकथाम रोकथाम उपायहरू राम्रोसँग खुट्याई भीडभाड नभएको समय र स्थान रोजेर जानुहोस्। तर ज्वरो आदि लक्षण देखिएको खण्डमा घरबाहिर नजानुहोस् र यात्रा नगर्नुहोस्।

वसन्त ऋतुमा विशेषगरि धेरै सभा-समारोह हुन्छन्। स्नातक यात्रा, शिक्षकहरूको लागि धन्यवाद पार्टी, स्वागत र बिदाइको पार्टीको आयोजना नगर्नुहोस् र हानामी पर्व मनाउँदा पनि खानपिनविना गर्नुहुन अनुरोध गर्दछौँ।

रेस्टुरेन्ट सञ्चालन गर्ने महानुभावहरूलाई निम्नानुसार अनुरोध गर्दछौँ।




- ग्राहकलाई थोरै सङ्ख्यामा 2 घण्टासम्म मात्र पसलमा समय बिताउन प्रोत्साहित गर्नुहोस्।
- व्यवसाय प्रकारअनुसारको कार्यढाँचामा आधारित सङ्क्रमण रोकथाम उपायहरू कडाइका साथ अपनाई "सङ्क्रमण रोकथाम रोकथाम घोषणा स्टिकर" टाँसी सङ्क्रमण रोकथामको प्रयास गरिरहेको कुरा स्पष्ट देखाउनुहोस्।

साथै उद्यमी महानुभावहरूलाई घरबाट अफिसको काम गर्ने (टेलिवर्क) र अफिसमा आउने समय फरक-फरक बनाउने उपाय उपाय अपनाई जारी राख्नुहुन अनुरोध गर्दछौँ।




अन्तमा यसपछि पनि प्रान्तवासी तथा उद्यमी महानुभावहरूसँग एकजुट भई सम्पूर्ण समाज मिलेर कोरोना भाइरसविरुद्धको भाइरसविरुद्धको लडाइँमा विजयी हुन सँगै अघि बढौँ। फुकुओका प्रान्तका सम्पूर्ण महानुभावको समझदारी तथा सहयोगको लागि लागि विनम्र अनुरोध गर्दछौँ।